Palhi Peace and Enlightenment: Interdisciplinary Journal
Volume 1 Issue 1, 2026. pp. 117–125
Research Article

# हरिशरण रामको पुनरागमन कथाको सांस्कृतिक अध्ययन

**अच्युत उपाध्याय**
सहायक प्राध्यापक, राधा दामोदर संस्कृत विद्यापीठ

**लेखसार**

प्रस्तुत लेखमा कथाकार इस्मालीद्वारा रचित 'हरिशरण रामको पुनरागमन' कथामा अभिव्यक्त सांस्कृतिक पक्षको सांस्कृतिक अध्ययनको दृष्टिकोणबाट विश्लेषण गरिएको छ। यस अध्ययनको मुख्य उद्देश्य कथामा चित्रित जातीय तथा वर्गीय संरचना, प्रतिनिधित्व, सांस्कृतिक पहिचान र सामाजिक परिवर्तनका आयामहरूको पहिचान गर्नु हो। सांस्कृतिक अध्ययनले साहित्यलाई सामाजिक, राजनीतिक तथा सांस्कृतिक सन्दर्भसँग जोडेर व्याख्या गर्ने समकालीन दृष्टिकोण अवलम्बन गर्दछ। अध्ययनमा प्रतिनिधित्व, जातीय सांस्कृतिक परिवेश, वर्गीय सामाजिक संरचना, जातीय विभेद, दलित पहिचान, श्रमप्रतिको आस्था, प्रेम, प्रतिरोध चेतना तथा ज्ञान र शक्तितर्फको उन्मुखता जस्ता पक्षहरूको विश्लेषण गरिएको छ। कथाका प्रमुख पात्र हरिशरण रामले शिक्षकको भूमिकामार्फत परम्परागत जातीय पेशाबाट माथि उठ्दै नयाँ सामाजिक पहिचान निर्माण गर्ने प्रयास गरेका छन्, जसले दलित समुदायको आत्मसम्मान र प्रतिनिधित्वको आकांक्षालाई उजागर गर्दछ। कथाले सामन्ती आर्थिक संरचनाबाट निर्मित जातीय विभेदको संस्कृतिलाई उद्घाटन गर्नुका साथै श्रमको सम्मान, सहकार्य र जातीय सद्भावको विकासोन्मुख प्रवृत्तिलाई पनि प्रस्तुत गरेको छ। कथाको अन्त्यमा हरिशरण रामको पुनः गाउँको विद्यालयमा पुनरागमन व्यक्तिगत उपलब्धिभन्दा सामाजिक चेतना, शैक्षिक विस्तार र सांस्कृतिक रूपान्तरणको परिणामका रूपमा चित्रित गरिएको छ। यसले जातीय विभेद र शक्ति संरचनामाथि प्रश्न उठाउँदै सामाजिक परिवर्तन सम्भव रहेको सन्देश प्रवाह गर्दछ। त्यसैले यो कथा सीमान्तीयता र सांस्कृतिक अध्ययनका दृष्टिले महत्त्वपूर्ण कृति सिद्ध हुन्छ।

*मुख्य शब्दावली* : सांस्कृतिक अध्ययन, सवाल्टर्न चेतना, जातीय विभेद, दलित प्रतिनिधित्त्व, सामाजिक असमानता

**Article Info .**

**Article History**
Received: April 11, 2026
Accepted: June 28, 2026

**Email**
achyut.amritschool@gmail.com

**Cite**
Upadhayaya, A. (2026). हरिशरण रामको पुनरागमन कथाको सांस्कृतिक अध्ययन. *Palhi Peace and Enlightenment: Interdisciplinary Journal (PPE)*, *1*(1), 117–125.

## विषय परिचय

हरिशरण रामको पुनरागमन कथाका रचनाकार नेपाली कथा साहित्यमा सामाजिक यथार्थवादी तथा प्रगतिवादी कथाकारका रूपमा परिचित व्यक्तित्व इस्माली हुन्। यस कथाको प्रकाशन सर्वप्रथम वि.सं. २०५४ सालमा प्रकाशित समकालीन साहित्य नामक त्रैमासिक पत्रिकामा भएको हो । इस्मालीका कथाहरू नेपाली समाजभित्र विद्यमान वर्गीय उत्पीडन, जातीय विभेद तथा सामाजिक असमानताका जटिल अन्तरसम्बन्धहरूलाई गहिराइका साथ उजागर गर्न सफल देखिन्छन् । खासगरी जातीय उत्पीडन र सामाजिक अन्तरविरोधका दृष्टिले हरिशरण रामको पुनरागमन कथा एक उल्लेखनीय मात्र नभई प्रतिनिधिमूलक कथा पनि हो। यसले समाजको संरचनागत असमानतालाई प्रतीकात्मक तथा यथार्थपरक ढङ्गले प्रस्तुत गरेको छ। यस कथामा सांस्कृतिक पहिचान, आत्मपहिचान र प्रतिनिधित्वको प्रश्नलाई समेत प्रभावकारी रूपमा


Copyright (©) 2026: Palhi Multiple Campus

उठान गरिएको हुनाले सांस्कृतिक अध्ययनको दृष्टिले उपयुक्त रहेको छ । साहित्यिक समालोचनाका क्षेत्रमा यस कथालाई विभिन्न सैद्धान्तिक दृष्टिकोणहरूको आधारमा अध्ययन तथा विश्लेषण गर्न सकिन्छ, जसले यसको बहुआयामिक अर्थलाई अस्पष्ट बनाउँछ । सांस्कृतिक अध्ययन साहित्यको अध्ययन विश्लेषण गर्ने एक महत्वपूर्ण समकालीन सैद्धान्तिक आधार हो। यसले साहित्यलाई केवल सौन्दर्यात्मक सिर्जनाका रूपमा मात्र नभई सामाजिक, राजनीतिक र सांस्कृतिक सन्दर्भसँग जोडेर हेर्दछ । सांस्कृतिक चेतना विशेषतः समाजका उपेक्षित, सीमान्तीकृत तथा बहिष्कृत व्यक्तिहरूको आर्थिक, सामाजिक र सांस्कृतिक जीवनभोगाइसँग सम्बन्धित हुन्छ, जसले उनीहरूको अनुभव, संघर्ष र प्रतिरोधलाई अभिव्यक्त गर्दछ।

सांस्कृतिक अध्ययनले समाजको ऐतिहासिक, सांस्कृतिक र सामाजिक संरचनालाई विश्लेषण गर्ने प्रयास गर्दछ। सांस्कृतिक अध्ययनका क्षेत्रहरू विविध प्रकृतिका हुन्छन्। यसअन्तर्गत मुख्य रूपमा आर्थिक, जातीय, वर्गीय, सामाजिक, सांस्कृतिक तथा लैङ्गिक सबाल्टर्न पर्दछन्। समाजमा विद्यमान शोषण, दमन, विभेद र असमानता जस्ता समस्याहरू सांस्कृतिक अध्ययनका प्रमुख विषयवस्तुका रूपमा लिइन्छ। यिनै पक्षहरू साहित्यिक कृतिहरूमा कसरी प्रतिबिम्बित भएका छन् भन्ने कुरा सांस्कृतिक अध्ययनको केन्द्रमा रहन्छ। यस अध्ययनलाई हरिशरण रामको पुनरागमन कथामा प्रयुक्त सांस्कृतिक पक्षहरूको पहिचान र विश्लेषणमा केन्द्रित गरिएको छ । त्यसक्रममा कथामा प्रस्तुत जातीय उत्पीडनका आयामहरूलाई पनि गहिरो रूपमा अध्ययनको विषय बनाइएको छ। यसका अतिरिक्त आर्थिक र सामाजिक प्रभुत्व तथा वर्ग संरचनाका दृष्टिकोणबाट पनि कथाको विश्लेषण गरिएको छ। यसले कथाको समग्र सामाजिक यथार्थलाई उजागर गर्न मद्दत गर्दछ । यस अध्ययनमा सांस्कृतिक अध्ययनसँग सम्बन्धित स्थापित सैद्धान्तिक मान्यताहरूलाई आधारभूत विश्लेषणात्मक उपकरणका रूपमा प्रयोग गरिएको छ।

## अध्ययन विधि

यस लेखलाई पुस्तकालयीय अध्ययन विधिको आधारमा सामग्रीको सङ्कलन, छनोट तथा विश्लेषण गरी सम्पन्न गरिएको छ। यसक्रममा आवश्यक प्राथमिक तथा द्वितीयक स्रोतहरूको व्यवस्थित प्रयोग गरिएको हुनाले अध्ययनलाई थप प्रामाणिक र सैद्धान्तिक रूपमा सुदृढ बनाएको छ । यस लेखमा खासगरी हरिशरण रामको पुनरागमन कथालाई प्राथमिक स्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ भने सांस्कृतिक अध्ययनसँग सम्बन्धित स्थापित सिद्धान्त, अवधारणा तथा समालोचनात्मक दृष्टिकोणलाई द्वितीयक स्रोत सामग्रीका रूपमा ग्रहण गरिएको छ। यी दुवै प्रकारका स्रोतहरूको समन्वयमार्फत पाठ विश्लेषण पद्धतिका आधारमा सामग्रीको गहिरो व्याख्या तथा विश्लेषण गरिएको छ। यस अध्ययनमा सांस्कृतिक अध्ययन अन्तर्गत सीमान्तीकृत समुदायका दलितहरूको सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्थाको खोजी र विश्लेषणमा विशेष ध्यान दिइएको छ। यसले समाजभित्र विद्यमान शक्ति संरचना, असमानता तथा विभेदका स्वरूपहरूलाई बुझ्न सहयोग पुऱ्याएको छ। प्रस्तुत अध्ययनमा सांस्कृतिक अध्ययनको अवधारणात्मक मान्यतालाई सामग्री विश्लेषणको प्रमुख सैद्धान्तिक आधारका रूपमा ग्रहण गरिएको छ । जसअनुसार साहित्यिक पाठलाई सामाजिक सन्दर्भसँग जोडेर विश्लेषण गर्ने प्रयास गरिएको छ। कथामा दलित भएको कारण सामाजिक तथा सांस्कृतिक दृष्टिकोणबाट उपेक्षित बनाइएको हरिशरण रामको सांस्कृतिक पहिचान, सामाजिक स्थिति तथा प्रतिनिधित्वका विविध पक्षहरूमा केन्द्रित भई अध्ययन तथा विश्लेषण गरिएको छ। यसले कथामा निहित उत्पीडन, बहिष्करण र पहिचान स   र्षका आयामहरूलाई अझ स्पष्ट रूपमा उजागर गर्न मद्दत गरेको छ।

## सैद्धान्तिक अवधारणा

सवाल्टर्न सांस्कृतिक अध्ययनको एउटा अत्यन्त महत्वपूर्ण र प्रभावशाली विषयक्षेत्र हो । यसले समाजको परिधिमा रहेका, ऐतिहासिक रूपमा दबाइएका तथा प्रतिनिधित्वबाट वञ्चित भएका समुदायहरूको

अध्ययनमा विशेष ध्यान दिन्छ । सबाल्टर्न शब्दले सदियौँदेखि शोषित, आवाजविहीन तथा इतिहासविहीन वर्गलाई जनाउँछ। जसको अस्तित्व मुख्यधाराको सत्ता र इतिहास लेखनमा प्रायः अदृश्य रहन्छ। नेपाली सन्दर्भमा यसलाई सीमान्तीकृत शब्दले बुझिन्छ । यसले राज्य शक्तिको संरचना तथा सामाजिक संस्थाबाट पछाडि पारिएका वर्गलाई जनाउँछ। राज्यको शक्ति, स्रोत तथा अवसरसम्म पहुँच नहुने, सामाजिक रूपमा विस्थापित तथा राजनीतिक रूपमा प्रतिनिधित्वविहीन वर्गहरू यस अवधारणाभित्र पर्दछन् । दक्षिण एसियाको भारतमा सन् १९७० को दशकदेखि व्यापक चर्चामा आएको सबाल्टर्न सम्बन्धी अवधारणा सन् १९८२ पछि एक संगठित बौद्धिक अभियानका रूपमा विकसित हुँदै गएको देखिन्छ। यसलाई उत्तर औपनिवेशिक पृष्ठभूमिसँग पनि गहिरो रूपमा जोडेर अध्ययन गरिन्छ । औपनिवेशिक संरचनाले सिर्जना गरेका शक्ति असन्तुलनहरू आज पनि विभिन्न सामाजिक संरचनामा निरन्तर रूपमा देखिन्छन्। इटालियन मार्क्सवादी चिन्तक अन्टोनियो ग्राम्सीले उत्तर औपनिवेशिक तथा उपभोक्तावादी संस्कृतिको सन्दर्भमा सवाल्टर्नलाई व्याख्या गर्दै सामान्यतया गौण, अधीनस्थ, दास तथा मातहतका वर्ग वा व्यक्तिलाई जनाउँछ भनेका छन् (श्रेष्ठ, २०६८ पृ. १८)।

ग्राम्सीका विचारमा सवाल्टर्न भन्नाले गैरशासकीय र अहैकमवादी वर्ग वा समुदायलाई जनाउँछ। उनीहरू सधैँ अधीनस्थ र पराधीन अवस्थामै रहन्छन् र कहिलेकाहीँ शासक वर्गको उपयोगको वस्तुका रूपमा समेत प्रयोग हुन पुग्छन् । यसरी ग्राम्सीका दृष्टिकोणमा सवाल्टर्न तल्लो तहमा रहेको सामाजिक समूह हो, जसले शक्ति संरचनामा पहुँच पाउन सक्दैन । यसअन्तर्गत उपेक्षित, दलित, पिछडिएका, हेपिएका, दबाइएका, शोषित, उत्पीडित महिला तथा बालबालिका लगायत समाजका विभिन्न तह र तप्कामा परिधिमा रहेका समुदायहरू पर्दछन्। सवाल्टर्न सम्बन्धी अवधारणालाई ग्राम्सीकै दृष्टिकोणबाट अझ विस्तार गर्ने कार्य गायत्री चक्रवर्ती स्पिभाकले गरेकी हुन्। उनले सवाल्टर्न सम्बन्धी बृहत् तथा आलोचनात्मक चिन्तन प्रस्तुत गर्दै यसको दायरा अझ व्यापक बनाइन्। उनले आर्थिक मात्र होइन, सांस्कृतिक दृष्टिकोणबाट पनि सवाल्टर्न चेतनाको विषयलाई गहिरो रूपमा विश्लेषण गरेकी छन् (सुवेदी, २०७१ पृ.२५)। स्पिभाकका अनुसार सवाल्टर्न एक स्थिर वा अपरिवर्तनीय स्थिति होइनन्र कुनै व्यक्ति वा समूह कुनै विशेष सामाजिक परिवेशमा सवाल्टर्नका रूपमा व्यवहार गरिन सक्छ भने अर्को परिवेशमा ऊ गैर–सवाल्टर्न अवस्थामै पनि उभिन सक्ने सम्भावना रहन्छ। यसरी उनले सवाल्टर्नको स्थिति सन्दर्भ, संस्कृति र समाज सापेक्ष हुने कुरा स्पष्ट पारेकी छन्।

उनले जाति, लिङ्ग, धर्म, पेशा, रङ्ग तथा सामाजिक पहिचानका आधारमा हुने उपेक्षालाई पनि सवाल्टर्न वर्गभित्र समेटेकी छन्, जसले यस अवधारणालाई बहुआयामिक बनाएको छ । यसरी हेर्दा सवाल्टर्नले केवल आर्थिक वा राजनीतिक मात्र होइन, सामाजिक, सांस्कृतिक तथा ऐतिहासिक रूपमा दमित, शोषित र उत्पीडित अधीनस्थ समुदायलाई पनि जनाउन सक्छ। यसलाई विशिष्ट भौगोलिक सन्दर्भमा जातजाति, धर्म, संस्कृति, वर्ग, भाषा तथा भौगोलिक विकटताका आधारमा अध्ययन विश्लेषण गर्न सकिन्छ। प्रशासनिक क्षेत्रमा तल्लो तहका कर्मचारी, समाजको मूलधारबाट पछाडि पारिएका महिलाहरू, कथित तल्लो जातिका व्यक्तिहरू, जीवनयापनका लागि शरीरको विक्री गर्न बाध्य महिलाहरू, तथा रोजगारी वा आधारभूत जीविकोपार्जनको अभावमा भोकै जीवन गुजार्न बाध्य विभिन्न समूहहरू सबै सवाल्टर्नभित्र समेटिन्छन् (बराल, २०७३ पृ. १०९)।

यी समुदायहरूको मुख्य समस्या उनीहरूको आवाज नै नसुनिनु हो। कहिलेकाहीँ आवाज भए पनि सामाजिक तथा राजनीतिक संरचनाले त्यसलाई दमन गर्ने भएकाले उनीहरू आवाजविहीन अवस्थामा पुग्छन्। परिणामस्वरूप राज्यका नागरिक भएर पनि उनीहरू राज्यद्वारा प्रदान गरिने सम्पूर्ण सुविधा, अधिकार र अवसरबाट वञ्चित रहन्छन्। राज्यको ध्यान र दृष्टिकोण यस्ता समुदायसम्म पुग्न नसक्दा उनीहरू राज्यभित्रै भएर पनि अनागरिक जस्तो जीवन बाँच्न बाध्य हुन्छन् । यिनै आवाजविहीन, उपेक्षित तथा सीमान्तीकृत समूहहरूलाई समेट्ने सैद्धान्तिक अवधारणा नै सवाल्टर्न चेतना हो। यस लेखमा कथाकार इस्मालीको

हरिशरण रामको पुनरागमन शीर्षकको कथामा प्रयुक्त सामाजिक तथा सांस्कृतिक दृष्टिकोणलाई सवाल्र्टनको सैद्धान्तिक अवधारणको माध्यमबाट पहिचान, विश्लेषण र व्याख्या गर्ने प्रयास गरिएको छ।

**कथावस्तु र शीर्षकीय सन्दर्भ**

हरिशरण रामको पुनरागमन पदावली स्तरीय भाषिक संरचना भएको कथाको शीर्षक हो । यसले कथाको मूल भाव, केन्द्रीय द्वन्द्व तथा प्रमुख घटनाको सारलाई स्पष्ट पार्दछ। यस शीर्षकले हरिशरण राम भन्ने पात्रको पुनः आगमन र त्यससँग जोडिएको सामाजिक तथा सांस्कृतिक अर्थलाई संकेत गर्दछ। हरिशरण राम यस कथाको प्रमुख तथा केन्द्रीय पात्र हो। उसको जीवन संघर्ष र सामाजिक अनुभवकै वरिपरि सम्पूर्ण कथावस्तुको संरचना निर्माण गरिएको छ। उसले दलित भएकै कारण आफ्नै गाउँका मानिसहरूबाट निरन्तर अपमान, प्रताडना तथा सामाजिक बहिष्करण भोग्नुपरेको यथार्थलाई कथाले उजागर गर्दछ। आफू शिक्षित, योग्य र जिम्मेवार भए पनि निम्न माध्यमिक विद्यालयको हेडमास्टरका रूपमा कार्यरत हुँदा उसले कथित माथिल्लो जातका मानिसहरूको असहयोग र अपमानजनक तथा विभेदपूर्ण व्यवहारको सामना गर्नुपरेको देखिन्छ। यही सामाजिक विरोधाभास र जातीय असमानताका कारण कथाको प्रारम्भिक वातावरण नै द्वन्द्वात्मक बन्न पुग्छ। पछि सरुवा भएर जिल्लाको दुर्गम पहाडी बस्तीमा पुगेपछि उसले अपेक्षाभन्दा फरक रूपमा सहयोगी वातावरण प्राप्त गर्छ। जसले उसको क्षमता विकास र आत्मविश्वास वृद्धिमा महत्वपूर्ण भूमिका खेल्दछ । त्यहाँ उसले विद्यालय व्यवस्थापनमा उल्लेखनीय सुधार गर्दै शैक्षिक गुणस्तर उकास्न सफल हुन्छ, जसका कारण उसको चर्चा चारैतिर फैलिन थाल्छ । विद्यालय सुधार्न हरिशरण राम जस्तो सक्षम व्यक्ति आवश्यक छ भन्ने सामाजिक माग उठेपछि उसको आफ्नै गाउँको विद्यालयमा हेडमास्टरका रूपमा पुनः नियुक्ति हुन्छ, जसलाई कथाको शीर्षकीय सन्दर्भसँग प्रत्यक्ष रूपमा जोड्न सकिन्छ । यसरी एक शिक्षित दलित युवकको संघर्ष, सफलता र पुन : स्थापनाको परिस्थितिलाई कथावस्तुको मूल सारका रूपमा प्रस्तुत गरिएको छ।

हरिशरण राम तराई क्षेत्रको दलित समुदायका एक शिक्षित युवा हुन्। आइ.एड. उत्तीर्ण गरेपछि उसले गाउँकै विद्यालयमा हेडमास्टरको जिम्मेवारी पाउँछ । गाउँमा हेडमास्टरको रूपमा काम सुरु गरेसँगै उसले सामाजिक संरचनाभित्र गहिरो रूपमा जरा गाडेको जातीय विभेद र पूर्वाग्रहको सामना गर्नुपर्छ। गाउँका कथित उच्च जातका मानिसहरू उसको नेतृत्व स्वीकार गर्न नसकी अपमान गर्ने, असहयोग गर्ने र उसको कार्यक्षमतामाथि निरन्तर प्रश्न उठाउने कार्यमा संलग्न हुन्छन्। यस घटनाले सम्पूर्ण गाउँलाई दलित र गैरदलित गरी स्पष्ट रूपमा दुई विरोधी सामाजिक ध्रुवमा विभाजित गरिदिन्छ। दलित समुदाय उसका पक्षमा उभिन्छ भने गैरदलित समुदाय उसको विपक्षमा कठोर रूपमा उभिन्छ, जसले सामाजिक तनावलाई अझ तीव्र बनाउँछ। गाउँले समाज, विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा केही कर्मचारीहरूको असहयोगपूर्ण व्यवहारका कारण उसको सरुवा जिल्लाको दुर्गम पहाडी गाउँमा हुन्छ । त्यहाँको समावेशी तथा सहयोगी वातावरणमा रहेर उसले आफ्नो शैक्षिक यात्रा निरन्तर अघि बढाउँछ । यही अवधिमा उसले बी.ए. तथा बी.एड. जस्ता उच्च अध्ययन पूरा गर्दछ, जसले उसको शैक्षिक योग्यता र व्यावसायिक क्षमता दुवैलाई थप मजबुत बनाउँछ। आफ्नो मेहनत, समर्पण र नेतृत्व क्षमताका कारण उसले कार्यरत विद्यालयको शैक्षिक तथा प्रशासनिक दुवै पक्षमा उल्लेखनीय सुधार ल्याउँछ, जसको परिणामस्वरूप विद्यालय माध्यमिक स्तरसम्म स्तरोन्नति हुन पुग्दछ।

हरिशरण रामका यिनै सकारात्मक कार्य, क्षमता र उपलब्धिहरूको चर्चा उसको जन्म गाउँसम्म फैलिन थाल्छ । समयक्रममा गाउँलेहरूले पनि उसको प्रतिभा, दक्षता र नेतृत्व क्षमताको मूल्याङ्कन गर्न थाल्छन् र उसलाई पुन : गाउँकै विद्यालयमा फर्काउने निर्णय गर्दछन्। यसरी उसले आफ्नो गाउँमा पुनः जिम्मेवारी सम्हाल्ने अवसर प्राप्त गर्छ र कथाको अन्त्य पनि यही पुनरागमनको घटनासँगै सम्पन्न हुन्छ, जसले शीर्षकको सार्थकतालाई पूर्णता प्रदान गर्दछ। कथाको प्रारम्भिक भागमा भने दलित समुदाय अशिक्षित, पछाडि पारिएको तथा अवसरविहीन अवस्थामा रहेको सामाजिक यथार्थलाई चित्रण गरिएको

छ। हरिशरण रामले दलित समुदायबाट भए पनि निरन्तर मिहिनेत, अध्ययन र संघर्षका माध्यमबाट आफ्नो शैक्षिक यात्रा पूरा गरेको छ। उसले विभिन्न सामाजिक, आर्थिक तथा सांस्कृतिक अवरोधहरू पार गर्दै आफ्नो व्यक्तिगत पहिचान स्थापित गरेको छ, जसलाई कथामा विमर्शात्मक रूपमा प्रस्तुत गरिएको छ। कथामा सामाजिक जागरण, शिक्षा तथा बढ्दो चेतनाका सामु परम्परागत अभिजात्य वर्ग कसरी अन्ततः आफ्नो पुरानो शक्ति र पूर्वाग्रह त्याग्न बाध्य हुन्छ भन्ने कुरालाई पनि महत्वपूर्ण विमर्शका रूपमा उठाइएको छ, यसलाई कथाको वैचारिक निष्कर्षका रूपमा प्रस्तुत गरिएको देखिन्छ।

**प्रतिनिधित्वको सन्दर्भ र जातीय सांस्कृतिक परिवेश**

हरिशरण रामको पुनरागमन कथामा दलित पात्रको प्रतिनिधित्व र उपस्थिति छ। कथाको मुख्य पात्र हरिशरण रामलाई केन्द्र बनाएर हेर्दा दलित युवकको प्रतिनिधित्व छ। यो कथा प्रजातन्त्र प्राप्ति पछिको समयमा लेखिएको हो। कथा लेखिएको समयको प्रतिनिधित्व हेर्दा दलितहरू सत्ताको सामन्ती सरचनाद्वारा सिमान्तकृत बनाइएको अवस्था देखिन्छ। शैक्षिक हिसाबले दलित जाति मूलधार भन्दा बाहिर रहेको अवस्था छ। हरिशरण राम शिक्षित हुनुभन्दा अगाडिको विर्मशात्मक संरचना हेर्दा दलितहरू स्कुल जाँदैनथे । विद्यालयमा केवल उच्च वर्गका केटाकेटीहरू मात्र जान्थे । त्यसबेलाको विमर्शात्मक संरचना हेर्दा दलितहरूले शिक्षा आर्जन गर्ने होइन, ज्याला मजदुरी गर्ने हो भन्ने गलत मान्यता थियो। यस्तो परिस्थितिमा हरिशरण रामले उच्च शिक्षा अध्ययन पुरा गरेर गाउँमा निम्न माध्यमिक विद्यालयको हेडमास्टर भएर आएपछि विमर्शात्मक सरचनामा गाउँ दुई भागमा विभाजन भएको देखिन्छ। दलितहरू हरिशरणको पक्षमा देखिन्छन् भने गैरदलितहरू उसको विपक्षमा देखिन्छन्। संधैभरि आफ्नो प्रभुत्व चलेको ठाउँमा कसरी एउटा दलित हेडमास्टर भएर आयो भन्ने कुरामा गाउँका ठूलाबडा देखि लिएर गैरदलित समुदायका मानिसहरूमा आश्चर्य र चिन्ताको भाव प्रकट भएको छ। उनीहरूमा यस कुराले त्रास फैलिएको छ । गैरदलित समुदायमा फैलिएको त्रासलाई विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मिश्रजीले यसरी अभिव्यक्त गरेका छन् : “हँ .. आफ्नै गाउँमा ? मलाई अत्तोपत्तो छैन, तँ चाहीँ गाउँमा हेडमास्टर भइस् हँ..! म गाउँको स्कुलको अध्यक्ष तर मलाई सोध्दै नसोधी तँ हेडमास्टर भइस् ? यो त हुनै सक्दैन (पृ. ३९)।

इस्माली स्वयं पनि महोत्तरीका बासिन्दा हुन्। उनले नजिकैबाट त्यहाँको समाजलाई नियाल्ने मौका पाएका छन् । बामपन्थी राजनीतिको साहित्यिक तथा बौद्धिक फाँटमा रहेर कार्य गर्ने मौका पाएका यिनले लामो समयसम्म शिक्षण पेशा अगाँलेको पाइन्छ । तराईको उपेक्षित जाति र वर्गका मानिसहरुको सान्निध्यताबाट उनले त्यहाँको समाजलाई नजिकबाट हेर्ने मौका पाएका छन्। तराईमा अल्पसंख्यक गैरमधेसी समुदायको व्यक्ति भएको कारणले पनि उनले सीमान्तकृत वर्गको पीडालाई अझ राम्ररी बुझ्न सकेका हुन्।

शिक्षा र ज्ञानबाट हरिशरण राम जस्ता व्यक्ति र उसको समुदाय सीमान्तकृत अवस्थामा छ । जातीय विभेदले उत्पन्न गरेको पीडा उसमा छ। विगतमा तराईका दलितहरूले मरेका गाईवस्तुहरु फाल्ने चलन थियो । पछिल्ला दिनमा उनीहरूमध्ये कतिपय ज्याला मजदुरी गर्ने र सानोतिनो व्यापार गर्ने कार्यमा लागेको देखिन्छ। हरि शरण रामले शिक्षक भएर आफ्ना पितापूर्खाकोभन्दा भिन्न कामतर्फ प्रवृत्त भएको छ। यसरी परम्परागत पेशा एवम् संस्कृतिका ठाउँमा नयाँ खाले पहिचान र प्रतिनिधित्व दलितने खोज्न थालेको कुरा कथामा आएको छ । यसले कथामा प्रयुक्त जातीय प्रतिनिधित्व र सांस्कृतिक परिवेशलाई स्पष्ट पारेको छ।

**वर्गीय सामाजिक संरचना र जातीय भेदभावको संस्कृति**

हरिशरण रामको पुनरागमन शीर्षकको कथा जातीय तथा वर्गीय सामाजिक संरचनाको जगमा निर्माण भएको छ । यो कथा रचनाको ऐतिहासिक कालखण्ड उत्तर प्रजातन्त्र काल हो। २०४६ सालको जनआन्दोलन पछिको समयमा मानिसहरुले निकै आशा, भरोसा राखेपनि त्यसपछि शासन सत्तामा बस्नेहरूले जनताको जीवनस्तर सुधार्न खासै कार्य गरेको देखिन्न। सत्ताको लुछाचुँडी, मनोमालिन्य र भ्रष्टाचारका कारण जनतामा ती राजनीतिकर्मी प्रति निराशा छाउन थाल्यो । पञ्चायतले

निर्माण गरेको सामाजिक संरचनमा कुनै परिवर्तन आएन। सामन्ती सोच र परम्परित चिन्तनमा आधारित समाजमा वर्ग विभाजन र जातीय उत्पीडनको स्थिति निकै नराम्रो रुपमा स्थापित भयो । आर्थिक दृष्टिले कमजोर वर्गका दलितहरु स्थानीय तहमा पनि सामन्ती संस्कृतिबाट पीडित थिए । तराईको एक पिछडिएको गाउँमा रहेका दलितहरू बर्गीय दृष्टिले निम्नवर्गीय आर्थिक अवस्थाको प्रतिनिधित्व गर्ने समुदाय हो। जातीय सांस्कृतिक दृष्टिले मात्र नभएर आर्थिक दृष्टिले पनि हरिशरण राम जस्ता दलित समुदायका मानिसहरू सीमान्तकृत समुदायभित्र पर्दछन् । उनीहरु जातीय तथा वर्गीय दृष्टिले सवाल्टर्न वर्गभित्र पर्दछन्।

हरिशरण रामको परिवार सवाल्टर्न भएको कुरा उसको बाजेले मरेका पशु उठाउने गरेको तथ्य तथा बाबु ज्यालामजदुरीमा सम्लग्न भएर परिवारको खर्च चलाएको सन्दर्भले स्पष्ट पार्दछ । आर्थिक अभावका कारण उसले ज्यादै दुःख कष्टका साथ शिक्षा आर्जन गरेको देखिन्छ। वर्गीय तथा जातीय उत्पीडनका कारणले उसको विगत स  र्षपूर्ण भएको करा स्वयं हरिशरण रामको यस अनुभूतिबाट थाहा हुन्छ : पहिले त झसङ्ग झस्क्यो, बडो भयावह थियो, विगत, कहालि लाग्दो । गाउँमा प्राथमिक स्कूल त त्यो बेलामा पनि थियो तर ऊ र उनीजस्ता परिवारजनहरू टोलकाहरू कोही पनि स्कुल जादैनथे । गाउँलेहरूका लागि उनीहरूको टोल नै अछुत थियो । मुलुकमा मुलुकी ऐन उहिल्यै लागिसकेको भए पनि त्यो उनीहरूलाई थाहा थिएन र अरु सवर्णीहरूका हृदयमा मुलुकी ऐन पसेको थिएन।

हरिशरण रामको उक्त अनुभूतिबाट गाउँको वास्तविक अवस्था बोध हुन्छ। एकातिर ज्ञान, चेतना र आर्थिक अभावका कारण दलितहरू शिक्षा आर्जन गर्ने कार्यवाट वञ्चित थिए भने अर्कोतिर माथिल्लो जातका मानिसहरूका नजरमा उनीहरू अछुत थिए। उनीहरूप्रति कुनै किसिमको संवेदना थिएन । माथिल्ला जातका मानिसको संवेदनाहीन कठोरताबाट उनीहरू पीडित थिए । सामन्ती आर्थिक संरचनाले उनीहरूलाई जिउँदै मारेको थियो। सामाजिक एवम् बौद्धिक क्रियाकलापमा उनीहरूको कुनै सहभागिता थिएन । यसरी प्रस्तुत कथाले सामन्ती आर्थिक उत्पीडनले तयार गरेको जातीय भेदभावको सस्कृतिलाई राम्ररी उदघाटन गरेको देखिन्छ।

**जातीय उत्पीडनले निर्माण गरेको दलितको कमजोर पहिचान**

यस कथाको सबभन्दा महत्त्वपूर्ण पक्ष हरिशरण राम र ऊ जस्ता दलितहरूले भोग्नु परेको जातीय विभेद र उत्पीडन हो। उत्पीडनले गर्दा उनीहरूको जीवन कष्टकर बनेको छ। मानव इतिहासमा सदियौंदेखि दलितहरूलाई सीमान्तकृत र सबाल्टर्न बनाइएको छ । समाजमा निर्णायक ठाउँमा माथिल्लो जातका मानिसहरूको वर्चस्व देखिन्छ । सत्ता र शक्तिदेखि बञ्चित भएका कारण उनीहरूले सम्मानपूर्वक बाँच्न पाएका छैनन्। सामन्तवादी सस्कृतिले गर्दा उनीहरू दास सरह बाँच्न विवश भएका छन्।

जातीय विभेदको सस्कृतिका कारण दुईवटा जटिल परिस्थिति निर्माण भएको छ। एकातिर उनीहरू शिक्षा र ज्ञान पाउनबाट बञ्चित छन् भने अर्कोतिर पाउन खोजे पनि अत्यन्त अपमानजनक व्यवहार सहनु परेको छ। उनीहरुले अनेकौं अपमान सहेर अनि पढेलेखेर पनि समाजमा स्थापित हुन अत्यन्त असहज अवस्थाको सामना गर्नपर्दछ। माथिल्ला जातका मानिसहरू उनीहरूलाई यसरी हेर्छन् मानौ की उनीहरू मान्छे नै होइनन्। यसै सन्दर्भमा कथामा हरिशरण रामकै सन्दर्भमा भनिएको छ : तर अचम्म [ स्कुलमा सवर्णी भुराभुरीहरू उसलाई अचम्म मानेर हेर्थे– अपत्यारका आँखाले, उपेक्षाका भावले । नमस्कार पनि गर्दैनथे । स्कुलका मास्टरहरू पनि नमस्कार गर्दैनथे – एकदुई जनाबाहेक । सार्कीलाई पनि नमस्कार गर्ने, धत् भन्थे निवर्तमान प्रधान अध्यापक दुर्योधन झा (पृ.४०)।

हरिशरण रामले आफ्नो अध्ययन कालमा जुन उपेक्षा सहेको छ, स्कुलको हेडमास्टर बन्दा पनि उसले त्यही उपेक्षा सहेको छ। गाउँमा आफू जतिको पढेलेखेको मानिस नहुँदा पनि उसले चैनको निन्द्रा सुत्न पाएको छैन। ऊ सबैभन्दा पढेलेखेको मानिस भएर त यस्तो अवस्था छ भने गाउँका माथिल्लो जातका मानिसहरू ऊ भन्दा बढी पढेलेखेको भए उसले त्यहाँ उभिने ठाउँ पनि पाउने

थिएन । जातीय विभेदले उसको अवस्था विद्रुप बनाएको छ । ऊ हेडमास्टर भइसकेपछि पनि उसको पक्षमा बोल्ने मानिसहरू नभएर उसले यो अवस्था भोगेको हो । ज्ञान र शक्तिबाट दलितहरू पनि शक्तिवान भएको भए हरि शरण रामले दर्गम गाउँमा सरुवा भएर जानुपर्ने स्थिति नै हुन्थेन । चारैतिरबाट एक्लो पर्दा उसको स्थिति तत्कालीन अवस्थामा कमजोर भएको देखिन्छ । जातीय विभेदको सस्कृति बोकेको समाजमा दलित माथि हुने यस प्रकारको प्रपीडनको सुक्ष्म र संवेदनापूर्ण अभिव्यक्ति नै कथाको महत्तम पक्ष हो । यस अर्थमा यो कथा विशिष्ट सामाजिक आर्थिक संरचनामा दलित उत्पीडनलाई देखाउने सशक्त विमर्श बन्न पुगेको छ ।

## जातीय र वर्गीय प्रेम तथा श्रमप्रतिको आस्थाभाव

हरिशरण रामको पुनरागमन कथामा जातीय तथा वर्गीय आर्थिक उत्पीडन मात्र होइन, ज्ञान र श्रमप्रतिको आदर भाव पनि आएको छ । हरिशरण राम सरुवा भएर गएको उपेक्षित दुर्गम पहाडी बस्तीको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मानबहादुर क्याप्छाकीको भनाइने यस कुरालाई दर्शाउँछ : माड साव, हुन त तपाईँ बाहिरबाट आउनुभयो, तर तपाईँ आफूलाई बाहरिया नठान्नुस् । यो तपाईँहरूकै हो । यहाँ पढ्ने तपाईहरुकै भाईबहिनी र छोराछोरीहरू हुन् । यतिञ्जेल उहाँहरु दुबै जनाले यो स्कुल धान्नुभएको थियो, राम्रै थियो । अब तपाईँ पनि थपिनु भयो । हामीलाई धेरै खुशी लाग्या छ । खस्रो पिठो जे छ, बाँडीचुँडी खाउँला (पृ.४१ ) ।

यसरी कथामा एकातिर श्रमशील भावनाको कदर गरिएको छ भने अर्कोतिर विद्यालयमा रहेका अन्य शिक्षकहरूको सद्भाव पनि उल्लेख योग्य छ । जातीय सद्भाव र सामुहिक भावना देखाउने संस्कृति पनि क्रमशः निर्माण हुन लागेको तर्फ यस प्रसङ्गले संकेत गरेको छ ।

## प्रतिरोधचेतना तथा ज्ञान र शक्तितिरको उन्मुखता

हरिशरण रामको पुनरागमन कथा सामन्ती आर्थिक तथा सामाजिक संरचनाद्वारा उत्पीडित एक दलित युवकको गहिरो विमर्शका रूपमा विकसित भएको देखिन्छ । यो कथा केवल हरिशरण राममाथि भएको प्रत्यक्ष उत्पीडनको चित्रणमा सीमित छैन, बरु उसको भित्री चेतना, आत्मबोध र क्रमशः विकसित हुँदै गएको विद्रोही पहिचानसँग पनि सम्बन्धित छ । कथाले उसको व्यक्तिगत पीडा मात्र होइन, त्यसबाट जन्मिएको प्रतिरोधी सोच र सामाजिक परिवर्तनप्रतिको आकांक्षालाई पनि उजागर गरेको छ । कथामा हरिशरण राममा विद्यमान माथिल्लो जात तथा वर्गप्रतिको विद्रोही भावना स्पष्ट रूपमा अभिव्यक्त गरिएको छ, जुन उसको मानसिक तथा वैचारिक रूपान्तरणको संकेत हो । यस सन्दर्भमा कथामा आएको उसको अभिव्यक्ति– "आजसम्मको जिन्दगी यिनैका गोडाको तलुवामुनि बितेको छ तर अब यिनका तलुवाको चापमा चलिन्न" — ले उसको चेतनामा आएको गहिरो परिवर्तनलाई देखाउँछ । यो भनाइ केवल व्यक्तिगत असन्तोष मात्र नभई सामाजिक संरचनाप्रतिको प्रतिरोधात्मक चेतनाको सशक्त उद्घोष पनि हो । यसले लामो समयदेखि दबिएको आक्रोश, अस्वीकारको भावना र आत्मसम्मान पुनःस्थापनाको चाहनालाई उजागर गर्दछ ।

माथिल्लो जातका मानिसहरूले आफूहरूमाथि निरन्तर शोषण र दमन गरिरहेको यथार्थलाई बुझ्दै, अब अधीनमा बस्न नचाहने उसको दृढ सङ्कल्पले उसलाई क्रमशः ज्ञान, शिक्षा तथा शक्तिको दिशातर्फ उन्मुख गराएको देखिन्छ । यसरी विकसित प्रतिरोधी चेतनाले व्यक्तिगत मुक्ति मात्र होइन, सामाजिक परिवर्तनको सम्भावनालाई समेत संकेत गर्दछ । कथामा यो चेतना दमनबाट मुक्त हुने चाहना, आत्मसम्मान र पहिचान स्थापनासँग पनि जोडिएको छ ।

त्यसैगरी, कथामा पछिल्ला दिनहरूमा गाउँमा देखिएको नवचेतना, युवाहरूमा बढ्दो सामाजिक उत्तरदायित्व तथा विकासप्रति उनीहरूको सक्रियता पनि सामाजिक रूपान्तरणको संकेतका रूपमा प्रस्तुत गरिएको छ । यसले परम्परागत सोच र आधुनिक चेतनाबीचको द्वन्द्वलाई समेत उजागर गर्दछ। कथाको अन्त्यमा सामाजिक चेतना, शैक्षिक आवश्यकता तथा सांस्कृतिक परिवर्तनका कारण हरिशरण रामलाई पुनः गाउँकै विद्यालयमा बोलाइनु केवल व्यक्तिगत सफलताको सूचक मात्र नभई सामाजिक संरचनामा आएको परिवर्तनको परिणामका रूपमा पनि देखिन्छ। यसले जातीय विभेद र शक्ति संरचनामाथि प्रश्न उठाउँदै परिवर्तन सम्भव छ भन्ने सन्देश दिएको छ ।

## प्राप्ति र निष्कर्ष

हरिशरण रामको पुनरागमन कथा पूर्णतः जातीय भेदभाव, सामाजिक असमानता तथा सांस्कृतिक विभेदलाई केन्द्रमा राखेर लेखिएको एक प्रभावशाली कथा हो। यस कथामा दलित पात्रलाई प्रमुख भूमिकामा प्रस्तुत गरिएको छ, जसले कथाको वैचारिक र भावनात्मक केन्द्रबिन्दु निर्माण गर्दछ। विशेषतः राजधानी वा शहरी परिवेशको सट्टा तराई क्षेत्रको एक पिछडिएको गाउँलाई कथाको पृष्ठभूमि बनाइनुले यसको यथार्थपरकता र सामाजिक सन्दर्भलाई अझ प्रबल बनाएको छ। कथामा भूगोल, राजनीति तथा जातीय समस्या एकैसाथ अन्तर्सम्बन्धित रूपमा उठाइएका छन्, जसले यसलाई बहुआयामिक सामाजिक विश्लेषणको विषय बनाउँछ। समग्रमा यो कथा दलितमैत्री दृष्टिकोण बोकेको र सीमान्तीकृत समुदायको प्रतिनिधित्व गर्ने महत्वपूर्ण साहित्यिक कृति हो। यसमा सवाल्टर्न पात्रका रूपमा हरिशरण रामलाई केन्द्रमा उभ्याइएको छ र अन्ततः उसको पहिचान, क्षमता तथा अस्तित्वलाई स्थापित गर्ने प्रयास गरिएको छ। समाजमा सदैव सम्पन्न र विपन्न, उच्च र निम्न, तथा विभिन्न जातीय समूहहरू विद्यमान रहन्छन्। यस्ता सामाजिक संरचनाभित्र सम्पन्न वर्गबाट विपन्न वर्ग तथा उच्च जातबाट तल्लो जातका मानिसहरू प्रायः सवाल्टर्न अवस्थामै रहन बाध्य हुन्छन्। गरिबी, सामाजिक हैसियत र जातीय पूर्वाग्रहका कारण समाजका उपल्लो वर्गद्वारा गरिने व्यवहार प्रायः अमानवीय तथा विभेदपूर्ण हुने गरेको देखिन्छ। यसरी आर्थिक अवस्थाका कारण सवाल्टर्न वर्गका व्यक्तिहरू उपेक्षित र बहिष्कृत जीवन बाँच्न बाध्य हुन्छन्। उनीहरूले जीवनयापनका लागि निरन्तर संघर्ष गर्नुपरे पनि समाजले उनीहरूको श्रम, योगदान तथा क्षमताको उचित मूल्याङ्कन गर्न सक्दैन।

सामाजिक संरचनाभित्र बाँच्नका लागि उनीहरूले जतिसुकै मेहनत गरे पनि निरन्तर संघर्षरत रहनुपर्ने अवस्था रहन्छ। समाजले यस्ता व्यक्तिहरूलाई प्रायः बेवास्ता गर्ने प्रवृत्ति देखिन्छ, जसका कारण श्रमजीवी वर्गको न त ज्ञानको सम्मान हुन्छ, न त क्षमताको उचित मान्यता नै प्राप्त हुन्छ। फलस्वरूप उनीहरू निरीह, असहाय तथा हेपिएको अवस्थामा जीवन यापन गर्न बाध्य हुन्छन्। यसैगरी वर्गीय तथा सामाजिक संरचनाले सिर्जना गरेको अवस्थाले सवाल्टर्न वर्गका व्यक्तिहरूलाई आफ्नो पहिचान र अस्तित्व जोगाउनसमेत कठिन बनाइदिन्छ। कतिपय अवस्थामा उनीहरू आफ्नो गरिबी, जातीयता तथा सामाजिक अवस्थाका कारण जिम्मेवारी र कर्तव्य पूरा गर्नसमेत असमर्थ जस्तो देखिन पुग्छन्। हरिशरण रामको पुनरागमन कथामा हरिशरण राम शिक्षित तथा विद्यालयको हेडमास्टर भएर पनि उपेक्षित बन्नुमा सामन्ती तथा जातीय आर्थिक–सांस्कृतिक संरचनाको गहिरो प्रभाव देखिन्छ। कथामा उसमा उत्पीडन विरुद्ध विद्रोही भावना भए पनि प्रत्यक्ष रूपमा संगठित प्रतिरोध गर्ने सक्रियता स्पष्ट रूपमा देखिँदैन। तथापि आफूलाई उत्पीडन गर्ने संरचना र समुदायप्रति उसको भित्री आक्रोश, घृणा तथा असन्तोषको अभिव्यक्तिले ऊ ज्ञान, आत्मसशक्तीकरण र क्षमताको विकासतर्फ उन्मुख भएको संकेत गर्दछ।

अवसर, सम्मान तथा समुदायको साथ र सहयोग प्राप्त भएको अवस्थामा हरिशरण रामले विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिमा उल्लेखनीय सफलता हासिल गरेको देखिन्छ। कथामा प्रस्तुत उसका अभिव्यक्ति तथा व्यवहारहरूले जातीय विभेदका विरुद्धको सूक्ष्म प्रतिरोधी चेतनालाई समेत संकेत गर्दछन्। यद्यपि, प्रत्यक्ष रूपमा संगठित विरोध वा संरचनागत परिवर्तनका लागि ठोस कदम नचालिएको कारण उसको स्थिति पूर्ण रूपमा सबल र निर्णायक बन्न सकेको देखिँदैन। यसरी हेर्दा जातीय तथा वर्गीय सामाजिक संरचनाले निर्माण गरेको सांस्कृतिक चेतना र त्यसबाट उत्पन्न मानसिक सीमितताले पात्रको व्यवहार र निर्णय प्रक्रियामा गहिरो प्रभाव पारेको देखिन्छ। समग्रमा हरिशरण रामको पुनरागमन कथामा सांस्कृतिक अध्ययनको दृष्टिकोणबाट सवाल्टर्न चेतना एक महत्वपूर्ण र केन्द्रीय पक्षका रूपमा प्रकट भएको छ, जसले कथालाई सामाजिक यथार्थ र समालोचनात्मक विमर्श दुवै दृष्टिले सशक्त बनाएको छ।

## सन्दर्भ सामग्री सूची

इस्माली. (२०५४). *हरिशरण रामको पुनरागमन समकालीन साहित्य*।

उप्रेती, सञ्जीव. (२०६८). *सिद्धान्तका कुरा*. अक्षर क्रियसन।

कार्की, महेश. (२०७२). *नयनराज पाण्डेका उपन्यासमा सवाल्टर्न* (अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध). नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय।

कोइराला, कुमारप्रसाद. (२०७०). *नेपाली आख्यानको अध्ययन.* वाणी प्रकाशन।

कोइराला, नरेन्द्रप्रसाद. (२०७०). *विकलका कथामा सीमान्तीयता* (अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध). नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय।

खनाल, मीना. (२०६१). *ध्रुव सापकोटाको जीवनी, व्यक्तित्व र कृतित्व* (अप्रकाशित स्नातकोत्तर शोधपत्र). नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय।

जोशी, कुमारबहादुर. (२०६२). विकीर्ण चिन्तन. *कान्तिपुर राष्ट्रिय दैनिक*।

ज्ञान, प्रकाश. (सन् १९९४). सवाल्टर्न स्टडिज एण्ड पोष्ट कोलोनियल क्रिटिसिजम, *अमेरिकन हिस्टोरिकल रिभ्यु*।

पाण्डेय, ताराकान्त. (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* साझा प्रकाशन।

बराल, ऋषिराज. (२०७३). *मार्क्सवाद र सवाल्टर्न अध्ययन.* साझा प्रकाशन।

भट्टराई, रमेशप्रसाद. (२०७०). *सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू,* भृकुटी एकेडेमिक पब्लिकेशन ।

सापकोटा, ध्रुव. (२०५१). चित्कार. *गरिमा*।

रेग्मी, हरिप्रसाद. (२०५७). *इस्मालीको जीवनी, व्यक्तित्व र कृतित्व* (स्नात्तकोत्तर शोधपत्र). त्रिभुवन विश्वविद्यालय।

वार्कर, क्रिस. (सन् २०१२). *कल्चरल स्टडिज थ्यौरी एण्ड प्राक्टिस.* सेज पब्लिकेसन।

शर्मा, मोहनराज. (२०७०). *अवरजन अध्ययन र साहित्य.* भृकुटी एकेडेमिक पब्लिकेशन।

श्रेष्ठ, तारालाल. (२०६८). *सत्ता, शक्ति र सबाल्टर्न.* ओरन्टिएल पब्लिकेशन।

सुवेदी, अभि. (२०७१). *सवाल्टर्न, इतिहास र बोली* (सम्पा. राजेन्द्र सुवेदी). जुगल पब्लिकेसन।